आज मिति २०८२ कार्तिक १४ गते शुक्रबारका दिन दुहवी नगरपालिकाका नगर प्रमुख श्री वेदनारायण गच्छदारज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा तपसिलका विषयहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिती:

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | वेद नारायण गच्छदार | नगर प्रमुख | |
| २ | मेनुका पोखरेल खतिवडा | नगर उप-प्रमुख | |
| ३ | मो.अजुल हुसैन | वडा अध्यक्ष | |
| ४ | अरविन्द कुमार विश्वास | वडा अध्यक्ष | |
| ५ | माधव बहादुर भण्डारी | वडा अध्यक्ष | |
| ६ | मो.मस्तकी मिया | वडा अध्यक्ष | |
| ७ | रमेश रौनियार | वडा अध्यक्ष | |
| ८ | घनश्याम हलुवाई | वडा अध्यक्ष | |
| ९ | विजय चौधरी | वडा अध्यक्ष | |
| १० | तारिकचन्द सरदार | वडा अध्यक्ष | |
| ११ | मेहदी हुसेन | वडा अध्यक्ष | |
| १२ | तुलाराम माझी | वडा अध्यक्ष | |
| १३ | खड्गनारायण उराव | वडा अध्यक्ष | |
| १४ | रामचन्द्र चौधरी | वडा अध्यक्ष | |
| १५ | ललिता चौधरी | कार्यपालिका सदस्य | |
| १६ | बबिता देवी थरूनी | कार्यपालिका सदस्य | |
| १७ | सरिता कुमारी रिषिदेव | कार्यपालिका सदस्य | |
| १८ | ललिता सादा हरिजन | कार्यपालिका सदस्य | |
| १९ | मिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | जयब्रत सरकार | कार्यपालिका सदस्य | |
| २१ | धर्मेन्द्र रिषिदेव | कार्यपालिका सदस्य | |
| २२ | सरिता मुसहर्नी | कार्यपालिका सदस्य | |
| २३ | सुवर्ण घिमिरे | प्र.प्र.अ. | |
| २४ | शिवनारायण चौधरी | का.स. | |
| २५ | | | |

आज मिति २०८२ कार्तिक १४ गते शुक्रबारका दिन दुहवी नगरपालिकाको नगर प्रमुख वेदनारायण गच्छदारज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा तपसिल बमोजिमको प्रस्तावहरु पारित गर्ने निर्णय गरियो ।

**प्रस्तावहरु:**

प्रस्ताव नं. १ - विभिन्न ठेक्काका म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. २ - विद्यालयहरुलाई शैक्षिक रकम अनुदान दिने सम्बन्धमा ।

प्रस्ताव नं. ३ - LISA तथा FRA को कार्यक्रम संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ४ - वडा नं. ६ को वडा कार्यालय तथा पशुसेवा सेवा कार्यालय सम्वन्धमा ।

प्रस्ताव नं. ५ - पशुसेवाको खोरेत नियन्त्रण कार्यक्रम सम्बन्धमा

प्रस्ताव नं. ६ - स्वास्थ्य बीमाको रकम पुनरावलोकन गरी रकम माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ - नगर अस्पताल एम्बुलेन्स सेवाको भाडा दर सम्बन्धमा ।

प्रस्ताव नं. ८ - विविध

**निर्णयहरु:**

निर्णय नं. १ - प्रस्ताव नं १ माथि छलफल गर्दा यस नगरपालिकामा मिति २०७७/०७८ देखि संचालित विभिन्न ठेक्का बजेट ठेक्का रकम भुक्तानी दिन परेको समस्या तथा अस्वभाविक परिस्थितिको कारण विभिन्न समयमा उत्पन्न समस्याले गर्दा सम्पन्न हुन बाकी ठेक्काहरुको म्याद २०८३ असार १५ गतेसम्म थप गर्ने निर्णय कार्यन्वयन गर्ने कार्यालय लाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ - प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाका ३३ वटा सामुदायिक विद्यालयहरुका बालबालिका (montessary ) लाई शैक्षिक गुणस्तर वढाउने गरि पाठ्यक्रममा सुधार गर्ने, शैक्षिक सामाग्री खरिद गर्न प्रत्येक विद्यालयलाई रु ३० हजारका दरले सम्पुरक कोस बाट विद्यालयको खातामा अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३ - प्रस्ताव नं ३ माथि छलफल गर्दा यस नगरपालिकालाई LISA र FRA मा उत्कृष्ट नतिजा ल्याउने गरि कार्यक्रम संचालन गर्न सो संग सम्बन्धित Indicator तथा कार्यक्रम संचालन गर्न कार्यालय खर्च तथा विबिध कार्यक्रम खर्च मार्फत प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ - प्रस्ताव नं ४ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं .६ को कार्यालय र पशुसेवा कार्यालय भवन स्थान्तरणको लागि पूर्वाधार तयार गर्नुपर्ने (माटो पुर्ने ,मुल गेट बनाउने ,ग्राभेल लगायत) कार्य गरि वडा कार्यालय र पशुसेवा कार्यालय खर्च सम्पुरक बमोजिम रु.१० लाख बिनियोजन गरि कम गराउने निर्णय गरियो ।

निर्णय नं. ५ - प्रस्ताव नं ५ माथि छलफल गर्दा यस नगरपालिकाबाट स्थानीयस्तरको हाटबजार तथा समूहमा गाइ भैसी खोरेत रोग विरुद्ध लगाइने खोपको पूर्वाधार मूल्य प्रति रु.४०(चालिस) निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ - प्रस्ताव नं ६ माथि छलफल गर्दा यस नगरपालिकाको नगर आधारभुत अस्पताल अन्तर्गत संचालित स्वस्थ विमा कार्यक्रमको स्वस्थ बिमा बोर्ड बाट कम मूल्याकित रकम रु. ७७,८३,४५०।- रुपैया घटी निकासा भएको हुँदा उक्त रकम थप मुल्यान्कन गरि निकासा गर्ने स्वास्थ बिमा बोर्डको कार्यालयलाई अनुरोध गर्न निर्णय गरियो ।

निर्णय नं. ६ - प्रस्ताव नं ६ माथि छलफल गर्दा यस नगरपालिकाको नगर आधारभुत अस्पताल एम्बुलेन्स संचालन भाडा दर देहाय बमोजिम कायम गर्ने निर्णय गरियो ।

- अस्पतालदेखि - बिराटटिचिङ्ग-रु.७००
- अस्पतालदेखि - कोशी अस्पताल - रु.९००
- अस्पतालदेखि - इनरुवा अस्पताल -रु.८००
- अस्पतालदेखि - सोनापुर क्षेत्र - रु.७००
- अस्पतालदेखि - अन्य दुहवी नगरपालिका -रु.५००
- दुहवी नगर आधारभुत अस्पताल बाट उल्लेखित भन्दा बाहिर जानुपर्ने भए स्वास्थ मन्त्रालय कोशी प्रदेशले (२०७९/११/१९) निर्धारण गरेको भाडादर लागु हुनेछ ।
- नगर आधारभुत भित्र दुहवी न.पा.का महिलाहरुरलाई प्रसुति व्यवस्थाका लागि अस्पतालसम्म ल्याउन एम्बुलेन्स सेवा निशुल्क हुनेछ ।
- नगर आधारभुत अस्पतालसंग रहेको एम्बुलेन्सको सम्पूर्ण जिम्मेवारी(मर्मत, सवार चालक सुविधा, इन्धन ) नगर आधारभुत अस्पताल संचालन खर्चबाट व्यहोर्नुपर्नेछ ।